# कमला नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को लागि

# बार्षिक नीति,कार्यक्रम तथा बजेट

| | |
|---|---|
| सभामा पेश भएको मिति :- | २०८३/५/१० |

## कमला नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

माचिभिटकहिया, धनुषा

मधेश प्रदेश, नेपाल

विशेश्वर यादव
नगर प्रमुख

CamScanner

**कमला नगरपालिकाका जनप्रतिनिधिहरुद्वारा हुन गइरहेको दसौ नगर सभामा म नगर प्रमुख/उप- प्रमुख आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।**

उपस्थित यस सम्मानित सभाका सभा अध्यक्ष एवं सम्पूर्ण नगर सभासदस्यज्यूहरु, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार तथा उपस्थित सम्पुर्ण महानुभावहरु,

यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रती म भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु । सात दशक लामो बलिदानीपुर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान तथा जेन्जी आन्दोलन हाम्रा लागी सदैव प्रेरणादायी छ । यी सङ्घर्ष र आन्दोलनमा नागरीकले पुरयाएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोरयाई रहनेछ ।

"समृद्ध कमला नगरपालिका सुखी नगर बासीका" आकांक्षा पुरा गर्न जेन्जी आन्दोलनको कारण समग्र आर्थिक, सामाजिक पक्षमा परेको असर समेतलाई दृष्टिगत गर्दै सहभागितामुलक योजना तर्जुमाको चरणहरु पारगरी राजनीतिक दलका प्रतिनिधी, बौद्धिक व्यक्ति लगायतका सरोकारवाला सबै निकाय, व्यक्ति, संघ संस्थाको घनिभुत छलफलवाट प्राप्त सुझाबलाई मनन गर्दै हामीले आर्थिक बर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गरेका छौं ।

**नीति, कार्यक्रम तथा बजेट तर्जुमाका निम्न आधारहरु लिएका छौं ।**

१. नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका बिभिन्न प्रतिबद्धताहरु ।

२. नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु ।

३. संघीय सरकारले अंगीकार गरेको सोर्हौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु ।

४. नेपालको संविधनको धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली ।

५. नेपालको संविधानको अनुसुचि ८ बमोजिम कर लगाउन पाउने क्षेत्र ।

६. स्थानीय सरकार संचालन ऐन, २०७४ ।

७. राजश्व परामर्श समितिको प्रतिवेदन ।

८. श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत र बजेट अनुमान सिफारिस ।

९. नेपाल सरकारको बार्षिक वजेटको सिद्धान्त, उदेश्य र प्राथमिकता ।

१०. दिगो विकासका लक्ष्यहरु ।

११. रणनीतिक योजना तथा क्षेत्रगत गुरुयोजनाहरु ।

१२. बिषयगत समितिका प्रतिवेदनहरु ।

१४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ।

१५. मन्त्रालयले बिभिन्न समयमा गरेका बिभिन्न परिपत्र तथा निर्देशनहरु ।

१६. वस्ती स्तर तथा वडाबाट सिफारीस भई आएका प्राथमिकता प्राप्त योजनाहरु ।

१७. मधेश प्रदेश सरकारको बार्षिक बजेटको सिद्धान्त, उदेश्य र प्राथमिकता ।

१८. Gen Z आन्दोलनले देशमा भएको राजनैतिक परिबर्तन ।

१९. नेपाल सरकार तथा मधेश प्रदेश सरकारको बार्षिक नीति तथा कार्यक्रम

२०. आ.ब.२०८३/८४ को नेपाल सरकार तथा मधेश प्रदेश सरकारको बार्षिक बजेट

<u>सभा अध्यक्ष एवं नगर सभाका सदस्यज्यूहरु</u>

अब म कमला नगरपालिकाको आर्थिक वर्ष आ.व. २०८३/०८४ को प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१। सुशासन तथा संस्थागत विकास**

- योजना तथा बजेट ब्यबस्थापन प्रभाबकारी बनाउन बिभिन्न क्रियाकलाप संचालन गर्ने निती लिएको छु |
- कमला नगरपालिका र मातहतका निकायवाट हुने सार्वजनिक सेवा प्रवाह सेवाग्राहीमैत्री बनाउने निती लिएको छु |
- पारदर्शीता र उत्तरदायित्वलाई नगरपालिकाको मूलमन्त्र मानी कार्यगर्ने निती लिएको छु |
- सार्वजनिक बित्तब्यबस्थापनलाई यथार्थपरक कायम गर्ने निती लिएको छु |
- शासकीय प्रवन्ध लाई सेवा प्रवाह संग सन्तुलन कायमगर्ने निती लिएको छु |
- समन्वय र सहकार्यलाई प्राथमिकता दिने निती लिएको छु |
- कर्मचारीहरुको नियमित उपस्थितिलाई थप ब्यबस्थापन गर्न ई-हाजिरीको ब्यबस्था गरिनेछ |
- कर्मचारीहरुलाई कामप्रतिको उत्साह, सेवा प्रबाह,उच मनोबल अभिब्रिधि गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ताको ब्यबस्था गरिनेछ |

दिशेश्वर यादव
नगर प्रमुख

२। सामाजिक विकास

- कमला नगरपालिका क्षेत्रभित्रको खानेपानी तथा सरसफाईलाई प्रभावकारी ब्यबस्थापन गर्ने निती लिएको छ।
- नगर बासीहरुबीच बेलाबेलामा उत्पन्न हुनसकने विवादलाई मेलमिलापको मध्ययमबाट निरुपण गर्ने निती लिएको छ।
- गुणस्तरीय तथा निशुल्क शिक्षा कमला नगरपालिकाको मूलध्येय हुने निती लिएको छ।
- सामाजिक समाबेशीकरण र असहायलाई संरक्षण सहित उचित ब्यबस्थापनको निती लिएको छ।
- समग्र शैक्षिक बिकाशका लागि दस बर्षे नगर शिक्षा योजना लागु गरिने नीति लिएको छ ।
- कमला नगरपालिकालाई साक्षर नगरपालिका घोसना गरिनेछ।
- शिक्षक दरबन्दी मिलान,बालबिकाश केन्द्र पुनर्वितरण,तथा अति न्यून विद्यार्थी संख्या भएको विद्यालयलाई समायोजन गरिने नीति लिएको छ।
- आधुनिक युगमा विद्यार्थीलाई प्रतिस्पर्धा गर्न प्रबिधि मैत्री शिक्षण सिकाई क्रियाकलाप संचालन गरिनेछ यसका लागि प्रबिधिमैत्री शिक्षक तालिमको ब्यबस्था गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधार बिकाश,स्वक्ष खानेपानिको आवस्यक ब्यबस्थापन गरिनेछ।
- शिक्षक वैंकको स्थापना गरिन लागु गरिनेछ।
- कमला नगरपालिका बाट स्वीकृत भएका स्थानीय पाठ्यक्रम “हाम्रो कमला” कारयान्व्यं का लागि पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकको निर्माण तथा छपाई गरि लागु गरिनेछ।
- सामुदायिक सिकाई केन्द्र,तथा अनौपचारिक विद्यालयको क्षमता बिकाश गरिनेछ
- नगर अस्पतालको स्थापना गरि नगर बासीको लागि आधाभुत स्वास्थ्य सेवामा पहुँचको बिस्तार गरिनेछ।
- नगरपालिकामा संचालित बर्थिंग सेन्टरको क्षमता बिकाश गरिनेछ।
- नगर वासीहरुको गुणस्तरीय तथा सहज स्वास्थ्य सेवामा पहुँच नगरपालिकाको पहिलो प्राथमिकता हुनेछ।
- स्वास्थ्य चौकीहरुमा तथा आधारभूत स्वास्थ्य केन्द्रकोहरुमा स्वास्थ्य उपकरणको उचित व्यबस्था,तथा क्षमताको बिकाश गरिनेछ।
-

विशेश्वर यादव
नगर प्रमुख

### ३. आर्थिक विकास

- कमला नगरपालिकाको कृषि, पशु तथा सहकारी क्षेत्रलाई नगरपालिकाको समग्र विकास संग जोड्ने निती लिएको छु।
- नगर क्षेत्र भित्र उद्यमशिलता सहितको रोजगारी सिर्जनालाई पहिलो प्राथमिकतामा राखने निती लिएको छु।
- नगर क्षेत्र भित्रका भूमिलाई बाहैं महिना उब्जनी योग्य बनाउन सिंचाईको उचित प्रबन्ध गर्नेछु।
- नगर क्षेत्रभित्रका नागरिकलाई स्थानीय आर्थिक बिकासमा टेवा पुग्नेगरी सुरक्षित बाहय रोजगारी संग जोड्ने नीति लिएको छु।

### ४.पूर्वाधार विकास

- स्थानीय सडकलाई स्तरोन्नति गर्दै नागरिकको आवतजाबतलाई सहज र सुरक्षित बनाउने नीति लिएको छु।
- नगर क्षेत्रभित्र नयाँ निर्माण हुने भवन तथा अन्य सामाजिक पूर्वाधार भूकम्प प्रतिरोधी निर्माण गर्ने नीति लिएको छु।
- नगर क्षेत्र भित्र निर्माण भएका भवन संरचनाहरु सुरक्षित हुने गरी आवस्यक सुधारका लागि पहल गर्ने छु।
- नगर क्षेत्र भित्र निर्माण भएका र निर्माण हुने पूर्वाधारहरुको उपयोगिता र दिगोपना कायमहुन् नगरपालिकाले पहलकदमी लीइनेछ।

### ५. वन वातावरण तथा ,विपदव्यबस्थापन

- नगर क्षेत्र भित्र हरियाली प्रवर्धन तथा वातावरण संरक्षणका लागि नागरिक संग सहकार्य गर्ने नीति लिएको छु।
- नगर क्षेत्रभित्र समुचित विपद ब्यबस्थापनका लागि ३६० डिग्री सहकार्य तथा साझेदारी कायम गर्ने नीति लिएको छु।
- विपद पुर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागु गरिने छ।
- स्थानीय विपद जोखिम न्यूनीकरण योजना तर्जुमा गरी कार्यन्वयन गरिने छ।
- खुल्ला क्षेत्र {open space } प्रत्येक वडामा राखिने नीति अविलम्बन गरिने छ।
- जलवायु परिबर्तनबाट पर्ने नकारात्मक असरहरु न्यूनीकरणको लागि आवश्यक ब्यबस्था गरिने छ।
- नगर क्षेत्र भित्रका कमला नदीका कारण विपद बाट जनताले भोग्नु परेको समस्यालाई न्यूनीकरण गर्न प्रक्रिया अघि बढाइने छ।

शिवशंकर यादव
नगर प्रमुख

CS CamScanner

- नेपाल सरकार संग तथा अन्तरपालिका संग समन्वय गरी बारुण यन्त्र ,portable fire pump उपलब्ध गराउन विशेष पहल गरिने छ |
- यस पालिकामा आपतकालीन कार्य संचालन केन्द्र तथा विपद हेल्प डेस्क स्थापना गरी आधुनिक तथा प्रविधिमैत्री तरिकाले संचालन गरिनेछ |
- कमला नगरपालिका क्षेत्र भित्र जंगली जनावरहरुको नियन्त्रण ,संरक्षण एबम ब्यवस्थापन गरिनेछ |
- विपद ब्यबस्थापन न्यूनीकरणका लागि संघ,संस्था ,दातृनिकाय एबम सरोकारवालाहरु संग समन्वय गरी कार्य अगाडी बढाइनेछ |

विशेश्वर यादव
नगर प्रमुख

सभा अध्यक्ष एवं नगर सभाका सदस्यज्यूहरु:

उल्लेखित नीति, कार्यक्रम कार्यान्वयनको लागि आर्थिक वर्ष २०८३/०८४ का लागि प्रस्तावित बजेटको संक्षिप्त खाका प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यसरी कमला नगरपालिकाको अगामी आर्थक वर्ष २०८३/०८४ को लागी कुल अनुमानित बजेट रु ६३,७२,५३,५००/- विनियोजन गरेको छु । जस मध्ये वडा स्तरीय बजेट कुल जम्मा रु.१६,६५,००,०००/- विनियोजन गरिएको छ, जुन वडा कार्यालयहरुलाई खर्चको क्षमता तथा आवश्यकता लगायत अन्य आवश्यक सुचांकको आधारमा वितरण गरिनेछ । लक्षित सहुलियत कार्यक्रम, परामर्श सेवा लगायत विभिन्न विषय तथा पुजिगत निर्माण र मर्मत संभारमा जोड दिइएको छ । **सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास र वन, वातावरण तथा विपदव्यबस्थापन** लगायत मानविय विकास क्षेत्रतिर जोड दिइएको छ । समपुरक अनुदानबाट संचालन हुने योजना तथा कार्यक्रमहरु संचालन गर्न प्रदेश सरकार तथा संघीय सरकारका विभिन्न निकायहरुसँग समन्वय गरि बजेट माग गरि संचालन गरिने नीति लिइएको छ ।

गत आ.व.मा सम्पन्न हुन नसकेका आयोजनाहरुलाई आ.व.०८३/०८४ मा सम्पन्न गर्न सोही अनुसार बजेट विनियोजन गरिएको छ । साथै अन्य विभिन्न विषयगत निकाय तथा साझेदारहरुबाट प्राप्त बजेट पनि प्राप्त कार्यक्रमकै आधारमा खर्च गर्ने व्यवस्था मिलाइनेछ ।

आदरणीय सभा अध्यक्ष एवं नगर सभाका सदस्यज्यूहरु,

नगरपालिकाले आर्थिक बर्ष २०८३/०८४ को लागि प्रस्ताव गरेको बजेटको विनियोजन विधेयक लगायतका आवश्यक विधेयकहरु सभामा पेश भई सभाले स्वीकृत गर्ने हुँदा सारांश मात्रै प्रस्तुत गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु । नीति, कार्यक्रम तथा बजेटको दस्तावेज तयार गर्नु आफैंमा महत्वपूर्ण कार्य हो तर त्यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिएन भने त्यसको कुनै अर्थ रहँदैन । तसर्थ नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको प्रभावकारी व्यवस्था मिलाई जनताले राहत महशुस गर्ने व्यवस्था मिलाइने छ । त्यसको लागि सम्वद्ध सबैको सार्थक सहयोग आवश्यक पर्दछ । नगरपालिकाले आम नगरबासी, सरोकारवाला निकाय, प्रदेश तथा संघीय सरकारबाट यसको अपेक्षा गरेको व्यहोरा समेत सम्मानीत सभामा राख्न चाहन्छु ।

**अन्तमा,**

दसौ नगर सभाको तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने कर्मचारीहरु, वडा अध्यक्ष, वडा समिति, कार्यपालिका सदस्य, विभिन्न विषयगत समिति तथा सार्थक सहयोगगर्नुभएकासबैमा हार्दिक धन्यवाद दिन चाहन्छु र आगामी दिनमा समेत सबैको सहभागिता र सहयोग रहनेछ भन्ने कुरामा पूर्ण विश्वास राख्दै बजेट सारांश प्रस्तुति यहीँ अन्त्य गर्दछु ।

जय कमला । जय कमलावासी ॥

२०८३/५/१०

धन्यवाद ।

विशेश्वर यादव
नगर प्रमुख